## प्रश्न नं. १

### त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.०१ देखि १२१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

कृष्णबहादुर राईको जाहेरीले नेपाल सरकार

विरुद्ध

संखुवासभा जिल्ला चैनपुर न.पा. वडा नं. ५ वस्ने मणिकुमार राई समेत

मुद्दाः ज्यान सम्वन्धी कसूर

१. संखुवासभा जिल्ला चैनपुर न.पा. वडानं. ७ वस्ने सुर्जकुमार राईको छोरा मेरो भतिजो सोमवहादुर भन्ने लगनवहादुर राई मिति २०७५।८।१ गतेका दिन चैनपुरमा लाग्ने शुक्रवारे हाट भरी वेलुका घर फर्किदा रात परेको हुंदा चैनपुर न.पा. वडा नं. ४ मा पर्ने पोखरी वजारमा वास वसेपछि मैदाने वतासे जाने वाटोको नजिक दलवहादुर तामाङका घरपसल अगाडि २०७५।८।१ गते वेलुका अन्दाजी ८ वजेको समयमा मणिकुमार राई र तुलसीवहादुर राइले मेरो भतिजो सोमवहादुर भन्ने लगनवहादुर राईलाई गालमुखाल गरी निहुँ खोजी निज मणिकुमार राईले मृतक लगनवहादुर राईलाई चुप्पी रोपी कर्तव्य गरी मारी भागेको हुंदा निजहरु लगायत अरु अभियुक्तहरु समेतको संलग्नता भएमा पत्ता लगाई कानून बमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको कृष्णवहादुर राईको जाहेरी दर्खास्त ।

२. धारिलो हतियारको प्रहारवाट सोमवहादुर भन्ने मृतक लगनवहादुर राईको मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्ट ।

३. चैनपुरवाट नुनढाकी जाने मुलवाटो दक्षीण, नरध्वज खत्रीको घर पूर्व, मनवहादुर लिम्वुको घर पश्चिम, गौरीमान लिम्वुको घर उत्तर यति ४ किल्लाको बीचमा मृतकले खैरो पाटे टि सर्ट जिन्सको कालो पेन्ट रातो छालाको जुत्ता लगाएका, मृतकको मोहडा पूर्व फर्किएको, शरीरको सवै भागमा रगत लागेको भन्ने समेत व्यहोराको घटनास्थल लाश जाँच मुचुल्का ।

४. वारदातको समयमा मृतक लगनवहादुरलाई प्रहार गरेको चुप्पी चैनपुर न.पा वडा नं. ६ वस्ने निरवहादुर राईको घरमा फाली मतानको छानामा काठको घेरा भएको विंड लगाएको फलामे २ धारे अं. १० इन्च लम्वाई भएको चुप्पी वरामद भएको भन्ने समेत व्यहोराको वरामदी मुचुल्का ।

५. मिति ०७५।८।१ गते शुक्रवारको दिन पोखरी वजारमा आएका थियौं । सो वजारमा धान नाच्न वेलुका खाना खाइ म, मणिकुमार, भिमवहादुर, पूर्णकुमार समेतका हामी गाउँका साथीहरु पोखरी वजारमा आएका थियौं । सोही दिन वेलुका अं. ८ वजेको समयमा मृतक सोमवहादुर भन्ने लगनवहादुर राई र देउप्रसाद राईले म संग झगडा गरे, म भाग्दा पनि खेदाउदै आई मलाई कुटपीट गरे, म भाग्न सफल भएँ । मणिकुमार राईले मृतक सोमवहादुर भन्ने लगनवहादुर राईलाई चुप्पी प्रहार गरी मारेछन् । सो कुरा मैले घर पुगेपछि मणिकुमार राईले भन्दा मात्र थाहा पाएं । निज मणिकुमार वाहेक मृतकलाई मार्नमा कोही कसैको संलग्नता छैन । उक्त घटना हुंदा म पहिला नै भागी घर गएको थिएं भन्ने समेत व्यहोराको प्रतिवादी तुलसीवहादुर राईले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान कागज ।

६. मिति २०५६।८।१ गते शुक्रवारको दिन वेलुका चैनपुर न.पा. वडा नं. ५ स्थित पोखरी वजारमा पहिला पहिला जस्तै धान नाच गर्न र साथीभाईसंग भेटघाट गर्न खाना खाएर म, तुलसीवहादुर, प्रेमवहादुर लगायतका हामी ७ जना पोखरी वजारमा आएका थियौं । त्यहां आएपछि मेरो दाजु नाता पर्ने तुलसीवहादुरसंग देउप्रसाद लगायतका व्यक्तिहरुसंग झगडा गरी निउँ खोज्दै तत्काल सोमवहादुर भन्ने लगनवहादुर पनि आई पुगी झगडा गर्दा मैले छुट्याए पनि निजहरुले दाजु तुलसीलाई खेदाउदै लगेपछि मेरो दाजुलाई मार्छन् होला भनि थाहा पाई प्रेमवहादुर समेतका साथीहरुलाई भन्दा निजहरु मानेनन् । म चाहि पछि पछि गई दाजुलाई खेदाउंदै गरेको सोमवहादुर भन्ने लगनवहादुरलाई पछाडिवाट समाई यसो नगर्नुहोस् भन्दा मलाइ हिर्काउन खोजेपछि मैले कम्मरमा भिरेको चुप्पी निकाली निजको छातिमा रोपी कर्तव्य गरी मारी म भागी घर गई साथीहरुलाई भन्दा मात्र थाहा पाएका हुन् भन्ने समेत व्यहोराको अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी मणिकुमार राईले गरेको वयान ।

७. २०७५।८।१ गते चैनपुरमा लाग्ने शुक्रवारे हटिया भरि पोखरी वजारमा पुगी वेलुका लगनवहादुर राईसंग खानाखाई पोखरी वजारमा घुम्दै गर्दा तुलसी र म वीच जीउको ठक्कर लागे पछि तुलसीले मृतकलाई लात्तिले हानी झगडा

## प्रश्न नं. १

भएपछि म साथी लिई गई दोर्चीलाई लिएर आंउदा तुलसी र मणिकुमारले सोमवहादुरलाई खेदांउदै गरेको देखेपछि चुप्पी प्रहार गरी मृतकलाई मणिकुमार राईले छुरी प्रहार गरी मारे मराएको हो भन्ने समेत व्यहोराको देउप्रसाद राईको ठाडो कागज ।

८. साथी मऱ्यो भनेको आवाज सुनी वाहिर निस्कीएर हेर्दा देउप्रसादले मृतकलाई समाती रहेको थियो । मणिकुमारले चुप्पीले हान्यो भनेको हुंदा गएर हेर्दा आँखा पल्टाई मृत्यु भई सकेको रहेछ । मेरो पसलको वाहिर ढिक भएको स्थानमा मृतक अवस्थामा थियो । कस्ले कस्तो परिवन्दवाट चुप्पी हानीगए मैले आंखाले देखिन । रातको समय भएकोले कस्ले खेदायो थाहा भएन । हाल मैले सुन्दा मणिकुमारले मारेको अरे भन्ने सुनेकोहुँदा निजले नै मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको केवलकुमारी अधिकारीको ठाडो कागज ।

९. वेलुका अं.८ वजेको समयमा मृतक सोमवहादुर भन्ने लगनवहादुरलाई मणिकुमार राईले नै चुप्पी प्रहार गरी कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ । अरु मतियारहरु को को थिए थाहा भएन भन्ने समेत व्यहोरा एकै मिलानको दलकुमार तामाङ समेतका मानिसहरुले लेखाईदिएको वस्तुस्थिती मुचुल्का ।

१०.राती ८ वजेको समयमा देउप्रसाद आएर म र सोमवहादुर भन्ने लगनवहादुर राई संग राई गाउँका केटाहरुले निहुँ खोजी रहेका छन् भनि निज देउप्रसादले भनेपछि म देउप्रसाद भन्दा पछि गएं । सोमवहादुर राईलाई २ जनाले खेदांउदै थिए । म सो ठांउमा पुग्दा सोमवहादुरको नाकवाट रगत वगेको र अचेत अवस्थामा थिए । लगनवहादुरलाई हाल पक्राउ परेका मणिकुमारले चुप्पी निकालेको हुंदा निजले नै कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भन्ने समेत व्यहोराको दोर्ची शेर्पाको ठाडो कागज ।

११. मणिकुमार, तुलसी, मृतक र देउप्रसाद बीच पहिला विवाद भई पुनः झगडा हुँदा मणी र तुलसी वाहेकका निजहरुका साथीहरु भागी सकेका थिए । मणि, तुलसी मृतक र देउप्रसाद समेत उभो कुद्दै गए । म खाना खाएर निस्कदा मानिस मऱ्यो भनि सुनेर थाहा पाएं । दोर्ची आएर डम्वरलाई तेरो साथी खोजी गर मानिस मरी सक्यो भनेर दोर्चीले भने । मणिकुमार र तुलसीले मारेको होला मात्र मैले भनेको हो । मैले चुप्पीले हानेको देखिन । पछि म घटनास्थलमा गएर हेर्दा सोमवहादुर भन्ने लगनवहादुरको मृत्यू भएको रहेछ । घटना हुनु भन्दा अगाडि मणिकुमार, तुलसी , मृतक सोमवहादुर र देउप्रसाद बीच झगडा भएको मात्र थाहा थियो भन्ने समेत व्यहोराको रुपचन्द्र शेर्पाको ठाडो कागज ।

१२. मिसिल संलग्न कागजात, जाहेरी दर्खास्त, घटनास्थल तथा लाश प्रकृती मुचुल्का, प्रतिवादीहरुको अख्तियार प्राप्त अधिकारी समक्षको कागज, मौकाका व्यक्तिहरुको भनाई समेतको आधारवाट सोमवहादुर भन्ने लगनवहादुर राईको कर्तव्यवाट मृत्यू भएको देखिन आएकोले यी प्रतिवादीहरु कसूरदार देखिन आई प्रतिवादी मध्येका तुलसीवहादुर राईले मृतकलाई मार्नमा सहयोग पु-याएको भन्ने प्रमाणित भएकोले निजको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ३६(३)(ख) विपरितको कसूर अपराध गरेको हुँदा सोही दफा अनुसार जन्म कैदको आधा सजाय हुन र प्रतिवादी मणिकुमार राईले ऐ. संहिताको दफा १७७(१) विपरितको कसूर गरेको हुँदा सोहि दफाको उपदफा २ अनुसार जन्म कैदको सजाय गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोगपत्र ।

१३. प्रतिवादीहरुले संखुवासभा जिल्ला अदालतमा गरेको ईन्कारी वयान ।

१४. संखुवासभा जिल्ला अदालतको फैसला ।

१५. उच्च अदालत विराटनगर, धनकुटा इजलास समक्ष परेको पुनरावेदन पत्र ।